" समृद्ध बेलकोटगढीको आधार ; कृषि, शिक्षा एवं पर्यटन सहीतको पूर्वाधार"

# नीति तथा कार्यक्रम

(आ.व. २०७६/७७)

बेलकोटगढी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट

प्रदेश नं ३ का माननीय सदस्यज्यू,

पाँचौं नगर सभा उद्घाटन समारोहका उप प्रमुखज्यू,

यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,

नगर कार्यपालिकाका सदस्यज्यूहरु,

नगर सभाका सदस्यज्यूहरु,

राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी मित्रहरु,

नगरपालिकाका सम्पूर्ण कर्मचारी एंव उपस्थित सम्पूर्ण महानुभावहरु,

स्वाधीन र सार्वभौमसत्ता सम्पन्न हाम्रो देश नेपाल प्राकृतिक तवरले सुन्दर र अनुपम छ। विविधताले भरिपूर्ण हाम्रो मुलुकमा विकासको संभावनाका प्रशस्त अवसर छन् यद्यपि भौगोलिक अवस्था र विविधता व्यवस्थापन गरी सही ढंगले अगाडि वढ्ने कार्य त्यतिकै चुनौतिपूर्ण पनि छ।

स्थानीय तहलाई अधिकारसम्पन्न बनाउने, वास्तविक विकेन्द्रीकरण, विकासलाई स्थानीय आवश्यकता अनुसार र विविधताको सही व्यवस्थापन गर्ने विधिका रुपमा नेपालको वर्तमान संविधानबाट प्रारम्भ हुन गएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्ने चरणमा केही जटिलताहरु पनि देखिनु स्वाभाविक छ। संघीयताको विश्वको इतिहासले पनि यसलाई सावित गर्दै आएको छ।

तसर्थ वास्तविकलाई आत्मसाथ गरी पारस्पारिक समन्वय, सहकार्य एवं विषयगत सन्तुलनलाई जोड दिई राष्ट्रले लिएको "सुखी नेपाली, समृद्ध नेपाल"को नारालाई साकार बनाउने गरी यस नगरपालिकाको काम कारबाही अघि बढाउनुपर्ने आवश्यकता छ।

आज बेलकोटगढी नगरपालिकाको पाँचौं नगरसभा हुन गई रहेको छ । बेलकोटगढी नगरपालिकाको पाँचौं नगरसभा उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गर्दै यहाँ उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई बेलकोटगढी नगरपालिको र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहान्छु।

आजको यस गौरवपूर्ण अवसरमा नेपालको सबै राजनीतिक आन्दोलनको संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रन्दाञ्जली अर्पण गर्दछु। साथै घाइते र बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दछु।

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय शासन प्रणालीको कार्यान्वयन गर्ने गरी संविधानले नै सुनिश्चित गरेका अधिकारहरुलाई व्यवहारमा कार्यान्वयन गर्दै ***" समृद्ध बेलकोटगढीको आधार ; कृषि ,शिक्षा एवं पर्यटन सहीतको पूर्वाधार"*** को मूल नाराका साथ बेलकोटगढी नगरको निर्माण गर्नको लागि नगरसभा समक्ष बेलकोटगढी नगरपालिकाको आ.ब. ०७६।०७७को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसुस गरेको छु ।

**उपस्थित महानुभावहरु ,**

हाम्रो नगरपालिका तुलनात्मक रुपमा नयाँ भएको कारणले हामीले धैरै अप्ठ्याराहरु व्यहोर्नु परेको यर्थातता हाम्रो सामु छ । हाम्रो नगरपालिकालाई संघीयताको मर्म अनुसार अघि बढाउन विभिन्न ऐन, नियम, कार्यविधि र निर्देशिका निमार्ण र कार्यान्वयनको चरणमा समेत हामी रहेका छौँ । हामीसँग नगर संचालनका पूर्वाधार कमी हुनु, नगरपालिकाको वास्तविकता झल्कने गरी कुनै प्रोफाइल बन्न बाँकी नै हुनु, अप्ठ्यारो भूगोलमा नगर गुरु योजना बनाउन केही असहजता देखिनु, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयका आफ्नै भवन नहुनु, आय आर्जन र राजस्वका स्रोतहरु सवल र सक्षम रुपमा पहिल्याउन नसक्नु, कर्मचारीको चरम अभावले नियमित काम कारवाही समेत प्रभावित भई नगर विकासका उल्लेखनीय काम कारवाहीमा असर परेको समस्या समेत प्रस्तुत गर्न चाहन्छु । हाम्रा सामु यी विविध अप्ठ्यारा र असहजता हुँदा हुँदै पनि नगर बासीको असिमित इच्छा चाहनालाई सम्बोधन गर्दै नगरपालिकाको कार्यालयले आगामी दिनमा जनमानसले अनुभूती गर्ने खालका नगर स्तरीय कार्यक्रम सञ्चालन गरी नगरलाई सुन्दर, व्यवस्थित एवं समृद्ध पार्ने रुपमा रुपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

नगरपालिकाको समग्र विकास गर्ने सन्दर्भमा सार्वजनिक महत्वका संरचना निर्माण तर्फ पहल गरिनेछ । करको दायरा वृद्धि गर्दै करको दर घटाई कर प्रणालीलाई अझै व्यवस्थित गरिनेछ ।

आगामी आ.व ०७६/०७७ को लागि योजना तर्जुमा गर्दा समावेशी सहभागितामूलक योजना तर्जुमा पद्दतिका आधारमा प्राथमिकतालाई ध्यानमा राखी टोल/वस्ती योजना छनौट, वडा समितीको बैठक, विभिन्न विषयगत समिति वैठक, कार्यपालिका बैठक तथा सरोकारवाला व्यक्तिसँगको छलफल र अन्तरक्रिया बैठकबाट प्राप्त सुझावको आधारमा कार्यपालिकाले आ.व.०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरेको व्यहोरा अवगत गराउन चाहन्छु ।

**आदरणीय नगर सभासद्ज्यूहरु,**

बर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्ने तर्फ केन्द्रित भएर आर्थिक वर्ष २०७६/०७७ का नीति तथा कार्यक्रम तयार गरेको छु । यो आर्थिक वर्ष सम्बृद्धिको इतिहास रच्ने आधार वर्ष हुनेछ भन्ने विश्वास लिएको छु ।

**उद्धेश्य :**

राष्ट्रिय कार्यक्रमलाई आत्मसाथ गर्दै यस नगरवासीको वृहत्तर हीत र नगरको समग्र विकासलाई मध्यनजर गरी यस आ. व. को बजेट नीति तथा कार्यक्रमले निम्नानुसारको मुख्य उद्धेश्य लिएको छ ।

- रोजगारीमा बृद्धि
- शिक्षा, स्वास्थ्य जस्ता सामाजिक विकासका पक्षमा सूचक वृद्धि गर्दै अनुभुत हुने प्रकारको सुधार
- लक्षित कार्यक्रमका माध्यमबाट विभिन्न प्रकारका विभेदको अन्त्य
- उत्पादन र उत्पादकत्व बृद्धि
- नगरवासीको जीवनस्तर सुधार गर्दै गरिवी न्यूनीकरण गर्ने ।

**प्राथमिकता :**

- आन्तरिक स्रोतको अधिकतम उपयोग गर्दै पूर्वाधार विकास
- कृषि विविधिकरण र व्यवसायीकरण
- गुणस्तरीय शिक्षा
- धार्मिक एवं प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनबाट पर्यटनको विकासमा जोड ।
- सामाजिक र सांस्कृतिक एकतामा जोड
- उद्योग एवं विविध व्यवसायको प्रवर्द्धन

## अवलम्बन गरिने नीति तथा कार्यक्रम

१. कृषि क्षेत्र मार्फत नगरको समृद्धिका सम्भावनाहरु पर्याप्त देखिएको हुँदा नगरपालिका क्षेत्रभित्र उत्पादन गर्न सकिने खाद्यान्न, तरकारी, फलफूल, मासुजन्य तथा दूधजन्य वस्तुहरुमा नगरलाई आत्मनिर्भर वनाउन विशेष कार्यक्रम संचालनमा प्राथमिकता दिइनेछ । नगरपालिकाको भौगोलिकतालाई दृष्टिगत गरी कृषि बजार स्थापनाका लागि नगरको स्वामित्वमा संकलन केन्द्रसवारी साधन र बिक्री केन्द्रहरुको स्थापना गरिनेछ । आधुनिक कृषि प्रणाली एवं व्यवसायीकरणलाई जोड दिइने छ । पशुपालनमा उन्नत नश्ल सुधार, पशु विमा कार्यक्रमसम्वन्धी कार्यक्रम संचालन गरिनेछ । कृषि पकेट क्षेत्र, ग्रीन हाउस प्रणाली जस्ता नगरबासीको प्रत्यक्ष जीवनस्तर उकास्न सहयोग पुग्ने प्रकारका कार्यक्रम सञ्चालन गर्न जोड दिने गरी कार्यक्रम ल्याइनेछ ।

२. नगर भित्र सम्भावित नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्री वातावरण वनाईनेछ । यस नगरपालिकाको रातामाटेलाई नेपाल र चिनको बीचमा हुने व्यापार प्रर्वधन गर्न ट्रान्जिटको रुपमा विकास गरिनेछ साथै विशेष आर्थिक क्षेत्र स्थापना गरिनेछ लगानी मैत्री वातावरण सिर्जना गरी बेरोजगारी न्यूनीकरण गरिने छ । बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशिल बनाइने छ । नगरभित्र रहेका सम्भाव्य खानी, जडिवुटी तथा उद्यम विकासको सम्भाव्यता अध्ययन गरिनेछ ।

३. सफा, सुन्दर र आकर्षक हुने गरी जनताको सहभागितामा ***"हाम्रो नगर, सफा सहर"*** अभियानका कार्यक्रम संचालन गरिनेछ । नगर क्षेत्रमा रहेका धार्मिक स्थलहरुको व्यवस्थापन, सम्बर्द्धन एवं विकास गर्दै नगरस्तरीय समिति बनाई कार्यान्वयन गरिने छ । देवीथान देखि चिम्टेश्वर सम्म पदमार्ग, चिम्टेश्वरमा भ्यू टावर, बेलकोटगढीमा व्यवस्थित गरी बाघखोर निर्माण गरी पर्यटक गन्तब्य स्थल बनाइने छ । पर्यटनमा आधारित उद्योग खोल्न प्रोत्साहन गरिनेछ । पर्यटनका अथाहा संभावनाहरुको खोजी गरिनेछ । आन्तरिक तथा बाह्य पर्यटकको आर्कषणको लागि होमस्टेलाई प्रवर्द्धन गरिनेछ ।

४. सहकारीहरुको क्षमता अभिवृद्धि गरी सहकारी क्षेत्रको वित्तीय पारदर्शिता तथा सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरिने छ ।

५.करका दायरामा सूचिकृत हुने करदाताहरुको अभिलेखलाई कम्प्युटराइज्ड computerized)गरी अद्यावधिक गरिनेछ । राजश्व बढी संकलन गर्ने वडा,जनप्रतिनिधि तथा कर्मचारीलाई पुरस्कारको व्यवस्था गरी प्रोत्साहन गरिनेछ ।करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्ररित हुने वातावरण तयार गरिनेछ ।

६ जेहेन्दार गरीव, दलित, जनजाति तथा शहीद परिवारका सन्ततीलाई छात्रबृत्ति प्रदान गरी पढ्न पाउने वातावरणको सुनिश्चिचता गरिनेछ ।नगरलाई वालविवाह मुक्त नगरपालिका बनाउन कार्यक्रम चलाइनेछ ।

७. युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्दै देश सेवाको भावनामा अभिप्रेरित गरी रोजगारी अभिवृद्धि गर्नको लागि लोक सेवा आयोग, शिक्षा सेवा आयोग जस्ता परीक्षालाई लक्षित गरी तयारी कक्षा जस्ता कार्यक्रम संचालन गरिनेछ । आवश्यकता अनुसार विद्यालय स्थापना र मर्जको नीति लिइनेछ ।

८. नगरलाई पूर्ण खोपको निरन्तरता,सुनिश्चिततता र दिगोपनालाई यथावत गरिनेछ । नगरस्तरीय प्रयोगशाला स्थापनाामा जोड दिइनेछ ।

९. ***"सफा पानी स्वस्थ जिन्दगानी"*** भन्ने नारालाई स्थापित गर्न शुद्ध खानेपानीमा सबैको मौलिक अधिकारलाई सुनिश्चित गर्न गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । शुद्ध खानेपानीमा नगरपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ ।

१०. जाति र स्थान विशेषका धार्मिक संस्कृतिको संरक्षण सम्वर्धन गर्नको लागि विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

११. खेलकुद विकासको निम्ति आवश्यक पूर्वाधारहरु तयार गर्न यथासक्य लगानी बढाउदै लगिनेछ ।

१२. नगर भित्रका कृषियोग्य भूमिमा सिँचाईको व्यवस्थापन गरिनेछ । महिला,दलित,पिछडीएका जनजातीहरुको सिप र क्षमता अभिवृद्धि गरी स्वरोजगार हुने खालका तालिम संचालनमा जोड दिइनेछ ।

१३. नगरपालिकाले निर्धारण गरेको भवन निर्माण आचार संहिता कडाइका साथ पालना गराइनेछ ।

१४ विद्युतीकरण हुन वाँकी रहेका वस्तीहरुमा आगामी आ.व.भित्र विद्युतीकरण गरिनेछ । काठका पोललाई क्रमस विस्थापित गरी फलामका पोल प्रयोग गरिँदै लगिनेछ । हाल सम्म बत्ती नपुगेका बस्तीलाई पहिलो प्राथमिकता दिइने छ ।

१५. नगरपालिका क्षेत्र भित्रको जलविद्युत एवं वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गरिनेछ । वन विनाश, वन क्षयीकरण, कार्वन उत्सर्जन र जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्न विद्यालयसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१६. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशिल मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न नगरमा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिइनेछ ।***"हाम्रो रहर, सफा नगर"*** को नारा सहित फोहरमैलालाई उचित स्थानमा

व्यवस्थापन गरिनेछ ।**फोहोरलाई मोहोर** बनाउने अवधारणा अनुरुप पुन प्रयोग गर्न सकिने खालका सीपमूलक आयमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

१७. सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइनेछ ।

१८. जनता कार्यालयमा होइन, कार्यालय जनतामा जानु पर्छ भन्ने मूल मन्त्रलाई स्थापित गर्ने गरी विषयगत कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. उपभोक्ता समितिका पदाधिकारीको क्षमता विकासका लागि तालिम संचालन गर्नुका साथै उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान कार्यक्रम थालनी गरिनेछ ।

२०. हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन् । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइने छ, आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माण गरिने छ ।

२१. लैगिंक हिंसा न्युनीकरण एवं लौगिंक समानताका लागि विशेष कार्यक्रम सञ्चालनमा ल्याइने छ ।असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानूनी परामर्श दिइनेरन्याय दिलाउन सहयोग गरिनेछ ।

## गौरवशाली योजनाका रुपमा अघि बढाइने कार्यक्रमहरु :

**निम्नानुसारका कार्यक्रमलाई गौरवशाली आयोजनाका रुपमा अघि बढाइने नीति लिईएको छ ।**

१. सम्माननीय प्रधानमन्त्री के.पी ओली ज्यू बाट शिलान्यास भई रानीपौवा बजार ककनी गा.पा ओखले हिले गौरबास खड्गचौर चिम्टेश्वर बाघखोर देविघाट पदमार्ग प्रवर्द्धन गरिनेछ ।

२. आरुखर्क - चिम्टेश्वर सिँडी निर्माण सुरु गरिने छ । तत् पश्चात चिम्टेश्वर - बाघखोर सिँडी क्रमागत रुपमा निर्माण गरिनेछ ।

३. नगरगालिकाको कार्यालय भवन र वडा कार्यालय भवन निर्माण कार्यलाई तदारुकताका साथ अघि बढाइनेछ ।

४. चिम्टेश्वरमा मदन भण्डारी बाल उद्यान,भ्युटावर र वनभोज स्थल, वैद्य वनमा मनमोहन पार्क तथा वनभोज स्थल निमार्ण कार्यलाई निरन्तरता दिइने छ ।

५. राताटार खा.पा. आयोजनालाई निरन्तरता गरिनेछ ।

६. ग्रामिण विद्युतिकरणमा प्रयोग भएका काठका पोलहरुलाई क्रमशः विस्थापित गरी फलामका पोलहरु प्रयोग गरिदै लगिने कार्यको निरन्तरता दिइने छ ।

७. धार्नाखोला देउराली भण्डारी थुम्का मदानपुर सिंचाई आयोजना क्रमागत रुपमा गरिदै लगिनेछ ।

८.धमले जिलिङ दुईपिपल सडकलाई भरत ढुंगाना मार्ग नामाकरण भइसकेको र यसै आ.व.मा स्मारक गेट निमार्ण गरिनेछ र स्तरउन्नतिको लागि पहल गरिनेछ ।

९.बेलकोट, बेलकाटेगढी, नलगाँउको देवीथान, मदानपुरको बाशुकी र वाराही,दुईपिपलको डबली कुमरीको कुमरी मन्दिर र जलेश्वरलाई ऐतिहासिक सांस्कृतिक क्षेत्रको रुपमा विकास गरिनेछ ।

**आदरणीय यस सभाका सदस्य तथा नगरवासीहरु,**

आगामी आ.व.मा प्राथमिकताको आधारमा बजेट तथा कार्यक्रमहरु तय गरी दिगो विकासलाई जोड दिई बेलकोटगढी नगरपालिकालाई कृषि, शिक्षा,पर्यटन र पूर्वाधार सहितको नगरको प्रारुपमा विकास गरिनेछ । कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण, पर्यटनमा पर्यटक भेला, होमस्टे जस्ता कार्यक्रमहरु र पद मार्गलाई प्राथमिकतामा राखी पर्यटक भित्र्याइने नीति र दिगो पूर्वाधार निमार्णका निम्ति कार्य अघि बढाउन लागिरहेको प्रतिवद्धता व्यक्त गर्दछु । बेलकोटगढी नगरपालिकाको कार्यालय भवन यस बाघखोरको आसपासमा प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानमा निर्माण कार्यको थालनी गरिनेछ । बर्षातमा हुनसक्ने सडक क्षतिलाई रोकथाम र न्यूनीकरण गर्न विशेष कदम चालिने छन् । एक दिन हावाहुरी र पानी पर्दा दशौं दिन अन्धकारमा बस्नुपर्ने नियतीको अन्त्य गर्नुका साथै खानेपानी र सिँचाइको उपलब्धताको लागि विशेष पहल गरिने छ । श्रोत र साधनको सिमितता र नगरवासीको असिम चाहनालाई पूरा गर्न हामी हाम्रा माथिल्ला तहहरु प्रदेश सरकार र केन्द्रीय सरकार एवं विकासका साझेदार निकायसंग समन्वय गरेर हरतरहले नगरको विकासका लागि लागिरहने विश्वास यस गौरवमय सभालाइ दिलाउन चाहन्छु । यस नीति तथा कार्यक्रम तयारीका लागि सुझाब सल्लाह एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरु एवं राष्ट्रसेवक कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा आ.व.२०७६/०७७ को वजेट वक्तव्य तयार पार्ने प्रयत्न गरिएको छ । यसलाइ मूर्तरुप दिन सम्पूर्ण राजनीतिक दल, सरकारी सयन्त्र एवं कर्मचारी, विभिन्न संघसंस्था, पत्रकार, नागरिक समाज, संचारकर्मी, बुद्धिजिवी, उद्योगी व्यापारी एवं सम्पूर्ण नगरवासीको रचनात्मक सुझाव एवं सल्लाह र सक्रिय सहयोग सद्भाव र समन्वयको अपेक्षा गरेको छु । धन्यवाद ।

**राजेन्द्र रमण खनाल**

नगर प्रमुख

१० आषाढ, २०७६